स्थानीय सरकार

# वीरगंज राजपत्र

वीरगंज महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ३ वीरगंज पौष २० गते, २०७६ साल (संख्या ११)

**भाग - २**

वीरगंज महानगरपालिका

## वीरगंज महानगरपालिकामा भकारो सुधार कार्यक्रम संचालन सम्बन्धि कार्यविधि, २०७६

स्थानीय सरकार

# वीरगंज राजपत्र

वीरगंज महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ३ वीरगंज पौष २० गते, २०७६ साल (संख्या ११)

**भाग - २**

**वीरगंज महानगरपालिका**

## वीरगंज महानगरपालिकामा भकारो सुधार कार्यक्रम संचालन सम्बन्धि कार्यविधि, २०७६

# भकारो सुधार कार्यक्रम संचालन कार्यविधि-२०७६

## पृष्ठभूमी :

नेपाल भौगोलिक रुपमा बिकट मूलुक भएको र कृषि प्रधान मुलुक भएको परिप्रेक्ष्यमा माटोको उर्बरा शक्ति कायम गरि दिगो कृषि विकास गरि खाद्यान्नमा आत्मनिर्भर गर्ने कार्य चुनौतिपुर्ण रहेको छ। यस चुनौतिको सामना गर्न बिरुवालाई आवश्यक खाद्यतत्व प्रर्याप्त मात्रामा पुर्ति गर्न प्राङ्गारिक र रसायनिक श्रोत भएको र बर्षेनी कृषकहरु रसायनिक मल समयमा उपलब्ध नहुनु, त्यसमा पनि तराई जिल्लाहरुमा रसायनिक मल ढुवानीमा समस्या पर्नुका साथै महंगो पर्ने भएकोले अभियानमुलक भकारो सुधार कार्यक्रम संचालन गरि प्राङ्गारिक मलको गुणस्तर विकास गर्न अति आबश्यक भएको छ ।

आ.ब.२०७०/७१ को बजेट बक्तब्यको दफा ८४ मा उल्लेख भए बमोजिम कम्पोष्ट मलको उत्पादन र उपयोग बढाई माटोको उर्बराशक्तिमा सुधार ल्याउन गोठ सुधारकार्यक्रमलाई यस बर्ष ४० जिल्लामा बिस्तार गर्ने उल्लेख भए बमोजिम यो कार्यबिधि प्रस्ताब गरिएको छ ।

दिगो रुपमा माटोको उर्बरा शक्ति कायम राख्न परम्परागत तरिकामा उत्पादन भैरहेको प्राङ्गारिक मलको मुख्य श्रोत गाई, बस्तुको मल मूत्र नै हो । गाई बस्तुको मल तथा मूत्रमा भैरहेको खाद्यतत्वलाई बचाउन र गुणस्तर बृद्धि गर्न भकारो सुधार एक प्रमुख कार्य भएको र यस अभियानबाट प्रङ्गारिक अभियानमा समेत महत्वपुर्ण योगदान दिन सक्ने भएको यथार्ततालाई समेत मध्यनजर गरि यो प्रस्ताब सहयोगी हुने भएको र बर्तमान समयको माग अनुरुपको उत्पादन गर्न तथा रसायनिक प्रभावबाट केहि हद सम्म मुक्त गरि पर्यावरण तथा वातावरणमा समेत

महत्वपुर्ण भूमिका खेल्ने भएकोले नेपाल सरकारले देहायको कार्यविधि स्विकृत गरि लागू गरेको छ । सोही अनुरुप वीरगंज महानगरपालिकाले समेत यस कार्यविधि प्रमाणित गरी लागू गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “भकारो सुधार कार्यक्रम संचालन कार्यबिधि, २०७६” रहेको छ ।

(२) यो कार्यविधि वीरगंज महानगरपालिकाबाट प्रमाणित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :-

(क) “क्लस्टर (Cluster)” भन्नाले एउटै क्षेत्र भित्र एक वा दुई जोडिएका वडाहरु अन्तर्गतको कृषकहरुको समूह सम्झनु पर्छ ।

(ख) “ समिति ” भन्नाले वीरगंज महानगरपालिका अन्तर्गत “आर्थिक विकास समिति सम्झनु पर्दछ ।

(ग) “कार्यालय” भन्नाले वीरगंज महानगरपालीकाको कार्यालय/ कृषि शाखा सम्झनु पर्छ ।

(घ) “शाखा” भन्नाले वीरगंज महानगरपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा भन्ने सम्झनु पर्नेछ ।

३. **कार्यक्रम संचालनको उद्वेश्य**: यस कार्यबिधि अनुसार कार्यक्रमको देहाय बमोजिम उद्वेश्य हुनेछ ।

(क) गुणस्तरिय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्रांगारिक उत्पादनलाई जोड दिने ,

(ख) रसायनिक मलको प्रयोग कम गरि कृषि उत्पादन लागत घटाउने ,

(ग) दिगो कृषि विकास गरि खाद्य सुरक्षामा योगदान पुऱ्याउने ।

## परिच्छेद -२

## कार्यक्रम संचालन प्रकृया

४. **कार्यक्रम संचालन गरिने स्थान छनौट** : वीरगंज महानगरपालीकाको बार्षिक स्विकृत कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ । आ.ब. २०७६/७७ को लागि वीरगंज महानगरपालीकाबाट कार्यक्रम संचालनका लागि आर्थिक विकास समितिले छनौट गरे बमोजिम हुनेछन् । अथवा कृषकको माग बमोजिम निवेदनको आधारमा कार्यान्वयन हुनेछ ।

५. **कार्यक्रम संचालन गरिने संख्या निर्धारण:** वीरगंज महानगरपालिकाको बार्षिक स्विकृत कार्यक्रम र वीरगंज महानगरपालीकालाई संघिय सरकारबाट प्राप्त कृषि तर्फको सशर्त कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ । आ.ब. २०७६/७७ को लागि वीरगंज महानगरपालीकाबाट कार्यक्रम संचालनका लागि निर्धारण भएका संख्याहरु समितिले छनौट गरे बमोजिम हुनेछन् ।

## ६. कार्यक्रमको प्राविधिक पक्ष/संचालन प्रकिया /कार्यविधि देहाय बमोजिम हुनेछ :

१.१. **सूचना प्रवाह-** वीरगंज महानगरपालिकाले भकारो सुधार कार्यक्रम संचालन गर्दा अपनाउनुपर्ने आधारहरु तथा कार्यविधि बारे आ -आफ्नो क्षेत्रमा वडा कार्यालय मार्फत अधिकतम् सूचना प्रवाह गराउनु पर्ने छ।

१.२ **निवेदन -** उपयुक्त कार्यक्रम अन्तर्गत संचालन हुने कुनै पनि सिंचाई आयोजनाको कार्यान्वयनको लागि कृषक/कृषि सहकारी संस्था/कृषक समूहबाट निवेदन/माग फारम शाखामा पेश गर्नु पर्ने छ यसरी पेश हुन आएका आयोजनाहरुको प्राविधिकहरुले वी.म.न.पा.का वडाको सिफारिस साथ निवेदन/माग फारम दर्ता गराउनु पर्ने छ। यसरी माग पत्र दर्ता गराउदा कृषक/कृषि सहकारी संस्था/कृषक समूहको तर्फबाट प्रति कार्यक्रम रु.१८०। (अक्षरेपी एक सय असी मात्र ।) का दरले राजस्व दाखिला गरी भौचर पेश गर्नुपर्नेछ। यस्तो माग बारे सम्बन्धि वडा कार्यालयलाई जानकारी दिएको हुनुपर्नेछ । कार्यक्रम संचालनका लागि वीरगंज महानगरपालिकाको वडाहरुको छनौट महानगरपालीकाको कृषि शाखाले गर्नेछ।

१.३ **स्वघोषण :** आयोजना मागको निवेदन दर्ता गराउदा सहकारी संस्था/कृषक समुहहरुको तर्फबाट आयोजना माग गरेकै कामका लागि दोहोरिने गरी अन्य कुनै पनि निकायबाट अनुदान माग नगरेको स्वघोषणा समेत संलग्न गर्नुपर्नेछ।

(क) महानगरपालीका भित्रका वडाहरुको छनौट पश्चात कार्यक्रम संचालनका लागी महानगरपालीका स्तरमा

गठीत अर्थिक विकास समिती मार्फत गरिनेछ । सोहि समिती मार्फत भकारो सुधारका लागि घरधुरिको छनौट गरिनेछ। घरधुरि छनौट गर्दा पशुपालन तथा ब्यबसायिक कृषि पकेट क्षेत्र लाई लक्षित गरि गरिनेछ ।

(ख) कृषक घरधुरिहरुको छनौट महानगरपालीकाको आर्थिक विकास समितिले वडा कार्यालयका जनप्रतिनिधिहरु संगको सहकार्यमा क्लस्टर (Cluster) बनाई एकै ठाउँमा पर्ने गरि गर्नुपर्ने छ ।

(ग) छनौट भएका घरधुरिको जानकारी समितिले महानगरपालीका/ आर्थिक विकास समितिले शाखामा पेश गर्ने छ । वीरगंज महानगरपालीका/ कृषि शाखाले सोको जानकारी सम्बन्धित माटो परिक्षण प्रयोगशाला तथा माटो ब्यवस्थापन निर्देशनालयलाई पठाउनु पर्ने छ ।

(घ) क्लस्टर क्षेत्र (Cluster area) मा कार्यक्रम संचालन गर्न चाहने कृषकको संख्या लक्ष्य भन्दा बढि भएको खण्डमा दलित, जनजाति, पिछडिएका, ग्रामिण वडाका कृषकलाई प्राथमिकता दिई समितिले सिफारिस गरे बमोजिमका कृषकहरुलाई प्राथमिकता दिई सञ्चालन गरिने र कृषकको संख्या लक्ष्य भन्दा कम भएको खण्डमा दुई वटा सम्म क्लष्टर मिलाई कार्यक्रम संचालन गरिने छ । यदि सो भन्दा कम भए सक्षम कृषकहरुलाई निवेदनको आधारमा सञ्चालन गरिनेछ ।

७. **Focal person तोक्नु पर्ने :** भकारो सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न र आवश्यक प्राविधिक सहयोग गर्नका लागि वीरगंज महानगरपालीका कृषि शाखाले एकजना कृषि प्राविधिक कर्मचारीलाई Focal person को रुपमा तोक्नु पर्ने छ ।

८. **न्युनतम मापदण्ड पुरा हुनु पर्ने** : भकारो सुधार गर्दा कम्तिमा पनि ३ वटा पशुका लागि १८ फिट लम्बाई र ६ फिट चौडाई भएको भुँइ सोलीङ्ग गरी गहुँत जम्मा गर्न नाला बनाई ३ वर्ग फिटको गहुत संकलन टंकी निर्माण गर्नु पर्दछ । कम्तिमा १ कठठमा तरकारी खेती गर्नु पर्ने छ । गोठबाट निस्केको बस्तुबाट प्रङगारिक मल तयार गर्ने साथै मलखाद फाँक्ने खाडललाई घाम पानी बाट जोगाउनका लागि छानोको ब्यबस्था गरिनु पर्ने कुराहरुलाई आधार मानिने छ ।

९. **अनुदान दिईने रकम व्यवस्था :** कृषक छनौट गर्न नगर पालिका स्तरिय आर्थिक **बिकास समितिको सिफारिसमा छनौट भएका घरधुरिलाई वीरगंज कृ**षि शाखाले मुल्याङ्कन गरि प्रति भकारो सुधारका लागि ने.रु १०,००० (दश हजार मात्र) अनुदान रकम उपलब्ध गराउने छ ।

१०. **अनुदान दिईने रकम प्रवाहको व्यवस्था**: भकारो सुधार कार्य सम्पन्न भएर सम्बन्धित प्राविधिकले सो को गुणस्तर निरिक्षण गरि सम्बन्धित आर्थिक विकास समितीको सिफारिसलिई सिफारिस प्राप्त कृषकलाई मात्र वीरगंज महानगरपालिका कृषि शाखाले भुक्तानीको लागि सिफारिस गर्ने छ ।

११. **कार्यक्रमको अनुगमन ब्यबस्था** : कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रिय स्तरबाट माटो ब्यवस्थापन निर्देशनालय तथा कृषि बिभागबाट, प्रदेश स्तरबाट सम्बन्धित माटो परिक्षण

प्रयोगशाला तथा कृषि निर्देशनलयबाट र स्थानिय स्तरमा वीरगंज महानगरपालिका कृषि शाखा तथा समिति बाट अनुगमन गर्ने ब्यबस्था गरिने छ । सो अनुगमनका लागि प्रतिभकारो सुधारको ३ प्रतिशत कन्टीजेन्सी वापतको रु. ३००।- का दरले अनुगमनको लागि वा सो कार्यमा खटिने प्राविधिकलाई खर्च ब्यबस्थापन गरिने छ ।

१२. **निर्देशन दिन सक्ने :** कार्यक्रमको सम्बन्धमा आबश्यकता अनुसार कृषि बिकास मन्त्रालय, प्रदेश मन्त्रालय, कृषि विकास निर्देशनालय, वीरगंज महानगरपालिका अनुगमन निरीक्षण गरी निर्देशन दिन सक्नेछ ।

१३. **बाधा अड्काउ फुकाउने :** यस कार्यविधि कार्यान्वयनमा अस्पष्ट एबं द्विविधा उत्पन्न भएमा सो को समाधान वीरगंज महानगरपालिकाको नगर कार्यपालीकाले गर्ने छ। कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

नगर कार्यपालिकाबाट पारित मिति : २०७६/८/१९

प्रमाणिकरण मिति : २०७६/८/२७

प्रकाशन मिति : २०७६/०९/२०

आज्ञाले

प्रदीप कुमार निरौला

प्रमुख प्रशासकीय अधिकृत